bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

वर्ष ३९ अंक २६८ | २०७७ फागुन १० गते सोमबार, नेपाल सम्वत् ११४१ February 22, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-




हाम्रो सेवा डुम्रे र आँबुखैरेनीमा

खड्गमाई मोटर्स

प्रो. क्रमश श्रेष्ठ
९८४३३५३९१६
डुम्रे, तनहुँ । फोन : ०६५-६९०२९५
आँबुखैरेनी, तनहुँ । फोन : ०६५-५४००४५



**दमौली अस्पतालमा दन्त परीक्षण :** तनहुँको दमौली स्थित दमौली अस्पतालमा दन्त परीक्षण गर्दै एक चिकित्सक । अस्पतालले गत शुक्रबारबाट अत्याधुनिक प्रविधिको जडान गरी दाँत उपचार सेवा शुरू गरेको छ । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# अपाङ्गता भएकालाई सहायक सामाग्री वितरण

♦ **भञ्ज्याङ समाचारदाता** (म्याग्दे)

तनहुँको म्याग्दे गाउँपालिकाले अपाङ्गता भएका ब्यक्तिहरूका लागि निःशुल्क सहायक सामाग्री वितरण गरेको छ । राष्ट्रिय अपाङ्ग पुनःस्थापना समाज काठमाडौंको सहयोगमा गाउँपालिकाले १४ वटा ह्विल चेयर, ६ वटा बैशाखी र ५ वटा सेतो छडि वितरण गरेको हो।

सहायक सामाग्री वितरण गर्दै गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले शारीरिक रुपमा अपाङ्ग भए पनि मानसिक रूपमा सबै जना निकै सक्षम रहेको बताइन् ।

यस्तै, गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले क्षमता हुँदाहुँदै पनि केही मानिसहरु अपाङ्गताको अवस्थामा बस्नुपरेको बताए । राष्ट्रिय अपाङ्ग पुनःस्थापना केन्द्रका सुगम भट्टराईले गाउँपालिकाको अनुरोधमा आँफुहरूले सहायक सामाग्री लिएर आएको बताए ।



# कृषिमा रमाउँदै स्याङ्जाका युवा

♦ **हिमलाल पराजुली** (स्याङ्जा)

केही समय पहिला युवाको रोजाइमा नपरेको कृषि पेशामा अहिले विस्तारै युवाहरु आकर्षित हुन थालेका छन् । एक समय कृषि पेशा भन्नेबित्तिकै नाक खुम्च्याउने युवापङ्क्ति अहिले भने यो पेशाप्रति आकर्षित हुन थालेका छन् । नेपालका युवाको रोजाइमा पर्ने गरेको वैदेशिक रोजगारीलाई कोरोना महामारीले समस्यामा पारेपछि नेपाली युवा विकल्पका रूपमा कृषि पेशामा आउन चाहेका हुन् । कृषि पेशा भन्नासाथ समाजले समेत दुःखी पेशा मान्ने गरेकामा यसको व्यावसायिकतासँगै युवापुस्ता यसतर्फ आकर्षित बनेको हो। कोरोना भाइरसका कारण वैदेशिक रोजगारीमा गएका धेरै युवाले रोजगारी गुमाएपछि उनीहरूमा आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोच पलाएको हो ।

वैदेशिक रोजगारीमा गएका साथै कतिपय अन्य पेशा अँगालेका युवाले पनि आफ्नो पुरानो पेशासँगै कृषिलाई सँगसँगै लैजान थालेका छन् । तीमध्येमा एक युवा दीपक भट्टराई सङ्गीतका साथमा कृषि पेशामा रमाउनुभएको छ । झण्डै तीन दर्जन गीत गाइसकेका कालीगण्डकी गाउँपालिका–७ मिर्मीका भट्टराई यतिखेर व्यावसायिक कृषिलाई पनि सँगै लैजानुभएको छ । "शुरूआत आफैंबाट गरौं, परिवर्तन सम्भव छ", भन्ने सोचका साथ लागेर आफू व्यावसायिक कृषिमा लागेको भट्टराईको भनाइ छ । कृषि पेशामा लाग्दा एउटा कलाकारले के गर्ला र भन्ने गरेको सम्झँदै दीपकले अहिले आफ्नो काम देखेर सबै दङ्ग पर्ने गरेको बताउनुभयो । गीत गाउँदै हिँड्ने मान्छे कृषिमा लागेर के गर्नसक्ला भन्ने पनि अहिले उहाँले बाख्रा र कुखुरा पालेर सफल भएपछि प्रशंसा गर्न थालेका छन्। एघार वर्ष गीतसंगीतमा बिताउनुभएका दीपक अहिले आफ्नै गाउँ मिर्मी फाँटमा कलाकार आधुनिक कृषि तथा पशुपालन फर्म सञ्चालन गरेर उदाहरणीय बन्नुभएको छ । उहाँको फर्ममा चौबीसै घण्टा लोकदोहोरीका धुन गुञ्जिरहेका हुन्छन् ।

फर्ममा पुग्ने जोसुकैलाई पनि संगीतको धुनसँगै बाख्रा, स्थानीय जातको कुखुरा र टर्कीसँगै खेलिरहेका भट्टराईको सक्रियताले लोभ्याउने गरेको छ । घरमा भएका दुईवटा माउ बाख्राबाट व्यवसायको थालनी गर्नुभएका भट्टराईको फर्ममा अहिले १५ वटा माउ बाख्रा छन् भने पाठापाठीसहित ५० वटा पुगेका छन् । स्थानीय खरी बाख्रालाई जमुनापारीको बीउ बोका लगाएर व्यवसायको विस्तार गर्नुभएका दीपकले भन्नुभयो, "अहिले बोयर बोका ल्याएको छु, यसले व्यवसायमा थप सफलता मिल्ने विश्वास बढेको छ ।" व्यवसायलाई थप व्यवस्थित गर्न गाउँपालिकाले गरेको सहयोगबाट झनै हौसला मिलेको उहाँले बताउनुभयो ।

पैसा कमाउन विदेश जाने सोच आफूमा नरहेको र आफ्नै गाउँठाउँमा केही गर्छु भनेर कृषि कर्ममा लागेकोले आफूले गरेको परिश्रमअनुसारको प्रतिफल पाएको भट्टराई बताउनुहुन्छ । उत्पादन गर्नसके बजारको समस्या नभएकोले घरपरिवार चलाउनकै लागि वैदेशिक रोजगारीमा जानुभन्दा आफ्नै गाउँघरमा परिवारसँगै बसेर काम गर्नु धेरै राम्रो हुने उहाँको अनुभव छ । केही समय अगाडि नपढेका, अरू केही काम नजान्ने र नगर्नेले गीत गाउने हो भन्ने समाजको बुझाइ थियो तर बिस्तारै चेतनाको विकास र गीतसङ्गीतको महत्व बढेपछि बल्ल सम्मान गर्न थालियो भने कृषिमा पनि त्यस्तै रहेको दीपकको बुझाइ छ । आधुनिक प्रविधिको प्रयोग गरेर काम गर्ने हो

बाँकी अन्तिम पेजमा




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७

## बन्दिपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बन्दिपुर, तनहुँ । गण्डकी प्रदेश

### गाउँपालिकाको लोगो निर्माण गरी पेश गर्ने सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति : २०७७/११/१०*

बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको मिति : २०७७/१०/११ गतेको निर्णय अनुसार बन्दिपुर गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, संस्कृतिक एवं विशिष्ट मौलिक पहिचान झल्कने लोगो निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाईन गर्न ईच्छुक व्यक्ति/संस्थाले तपसिलका सर्तमा रहि लोगो डिजाईन गरी खामबन्दी e-copy सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**सर्तहरू:**

१) लोगोमा नेपालको झण्डा र गाउँपालिकाको नाम अनिवार्य समावेश हुनुपर्ने ।
२) धार्मिक, जातीय साम्प्रादायिक बिभेद झल्किने तथा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा प्रतिकुल असर गर्ने संकेत प्रयोग गर्न पाइने छैन ।
३) प्रयोग भएका संकेतहरूको संक्षिप्त व्याख्या गर्नुपर्नेछ ।

**पुनश्च:**

गाउँपालिकाको छनौट समितिद्वारा उत्कृष्ट चयन भएको लोगोको डिजाईनकर्तालाई रू. २०,०००/- (करसहित) नगद पुरस्कार र सम्मान-पत्र प्रदान गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

ग्रिनरी भानु सप्लायर्स




एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक विक्रेता
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
सम्पर्क: ०६५-५६२६८७, ९८५६०६०३४७

सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला

## सम्पादकीय..........

# बुद्धसिंह मोटरमार्ग

सडक विस्तारलाई विकासको पहिलो खुड्किलो मानिन्छ । विकासको नाममा राज्यले सडक विस्तारमै ठूलो लगानि पनि गरेको छ । तर, सडक विस्तारसंगै त्यसको आवश्यक स्तरोन्नति र संरक्षणमा ध्यान नदिदा सडक दयनीय अवस्थामा पुग्नेमात्र होइन् उपभोक्ताले थप कष्ट र क्षति समेत व्यहोर्दै आएका छन् । अहिले यही अवस्थामा गुज्रिएको छ तनहुँको बुद्धसिंह मोटर मार्ग । गण्डकी प्रदेशलाई चितवनको नारायणगढ जोड्ने सबैभन्दा छोटो दूरी र पृथ्वीराजमार्गको बैकल्पिक सडकको रूपमा समेत लिइने यो मार्ग अहिले दयनीय अवस्थामा छ । सर्वसाधारणकै सक्रियतामा २०५१ सालमा उपभोक्ता समिति खडा गरी दमौली–घुमाउने सडकको ट्र्याक खन्ने काम शुरू गरिएको थियो । अझै पनि विकासको उज्यालो देख्न नपाएको तनहुँको दक्षिण भेग कछारका बासिन्दालाई सडकको पहुँचसंग जोड्ने उद्देश्यका साथ बुद्धसिंह मोटर मार्ग विस्तार गरिएको दशकौ बित्तिसकेको छ । यो सडकबाट स्थानीयले लाभ लिनुको सट्टा थप सास्ती र क्षति व्यहोर्दै आउनुपरेको छ । वर्षायाममा पहिरो र हिलो अनि हिउँदमा धुलोको सास्ती खेप्दै अएका उपभोक्ताहरू कालोपत्रे सडक र गाउँमा बिजुली बत्तीको उपभोग गर्ने प्रतिक्षामा छन् । तर, न त सडकको स्तरोन्नती नै भएको छ न त बिकट गाउँबस्तिमा बिजुली बत्तीनै पुगेको छ । चुनावका समयमा राजनीतिक दलका नेताहरूले भाषण गरी आशा त जगाउने गरेका छन् तर, काम नगर्दा सधै दु:ख र कष्ट झेल्नुपरेको स्थानीयको गुनासो यथावत छ । सदरमुकाम दमौलीबाट घुमाउनेघाटसम्मको करिब ३२ किलोमिटर दुरीको सडक सेती नदीको किनारै किनार खनिएको छ ।

सडक खनिएसंगै वर्षायाममा ठाउँठाउँमा पहिरो खस्ने गर्दा पैदल हिड्न समेत नसकिने अवस्था हुन्छ । अहिले हिउँदमा मुस्किलले आधा दर्जन यात्रु बहाक सवारी साधान चल्छन् तर, गन्तव्यमा नपुगिन्जेलसम्म यात्रा त्रासपूर्ण हुने गरेको छ । सडकको स्तरोन्नती र पहिरो रोकथामको काम नहुँदा सडकका किनारमा बसेका केही बस्ति पहिरोले समेत बगाएर सेतीमा पुऱ्याएको छ । राम्रो सडक र घरघरमा बिजुली बत्ती बाल्ने आशा र प्रतिक्षामा बसेकाहरू सामान्य विरामी हुँदा औषधी उपचार तथा बालबालिकाले सहज रूपमा पठनपाठन गर्न समेत पाएका छैनन् । साविकका गाउँ विकास समिति र उपभोक्ताहरूको लगानि र सक्रियतामा समय समयमा सडक मर्मत सुधार गर्ने गरेपनि अहिले बुद्धसिंह मोटर मार्ग प्रदेश सरकार मातहत छ । तर, प्रदेश सरकारले यो मोटरमार्गलाई आवश्यक बजेट व्यवस्थापन गर्न नसकेको र राजनीतिक दलका नेताहरूले पनि यो मोटर मार्गलाई भाषणमा मात्र सिमित राखेको उपभोक्ताको गुनासो छ । यतिमात्र होइन, बुद्धसिंह मोटर मार्ग अन्तरगत आँवुखैरेनी गाउँपालिका खण्डको लाब्दी खोलामा पुल निर्माण कार्य थालिएको ८ वर्ष बितेको छ तर अहिलेसम्म पूर्णता पाउन सकेको छैन् । यस्तै, पृथ्वीराजमार्गसंग जोड्नका लागि घुमाउने घाटमा पनि पक्की पुल निर्माण कार्य अगाडि बढाइएको १५ वर्ष बितेको छ । तर, यहाँ पनि काम अगाडि बढ्न सकेको छैन । पोखरा–डुम्रे–आँवुखैरेनी–मुग्लिङ हुँदै नारायणगढ जानुभन्दा दमौलीबाट बुद्धसिंहमार्ग हुँदै घुमाउने निस्किएर नारायणगढ पुग्न करिब २३ किलोमिटर दुरी छोटो पर्ने बताइन्छ । तर, यो मार्गको न त समयमा स्तरोन्नती हुने गरेको छ न त घुमाउनेमा पक्की पुलनै निर्माण भएको छ। विकासमा पछाडी परेको तनहुँको कछार क्षेत्र मात्र होइन समग्र गण्डकी प्रदेशकै भाग्य र भविष्यसंग समेत जोडिएको बुद्धसिंह मार्गको स्तरोन्नती र घुमाउने घाटको पुल निर्माणका लागि समयमै आवश्यक बजेट व्यवस्थापन गरी सबै सरोकारवाला निकाय, जनप्रतिनिधि तथा स्थानीय बासिन्दाले समेत चासो दिन सकेमा यस क्षेत्रको विकासमा छलाङ मार्ने छ ।






## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

जिल्ला प्रशासन कार्यालय - ५६०१३३
जिल्ला समन्वय समिति - ५६०१७४
जिल्ला प्रहरी कार्यालय -५६०१९९/१००
व्यास नगरपालिका, दमौली - ५६०२३३
नेपाल रेडक्रस सोसाइटी - ५६०१६९
दमौली अस्पताल, दमौली - ५६०२०३
रत्नहरी मे. अस्पताल, दमौली, - ५६०१०२
नेशनल एपोलो हस्पिटल - ५६१८११
एपोलो एम्बुलेन्स ९८४६४३५६११
लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७
जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५

व्यास नगर हस्पिटल : ५६१८१२
एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६
थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४
एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२,
आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४
नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६
नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२
एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१००
टिकट काउण्टर (माइक्रो), ५६०९०६
नेपाली कांग्रेस तनहुँ - ५६०३७५
नेकपा तनहुँ - ५६०१३४
आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६
भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४०

# बालविवाह न्यूनीकरणको अभ्यासमा स्थानीय सरकार

♦ सुशीला रेग्मी

कानूनमा 'बिहेवारी बीसवर्ष पारी' भन्ने गरिए पनि व्यवहारमा भने यो पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । पाल्पा जिल्लामा पनि यो कार्यक्रम सञ्चालनमा त छ तर कार्यान्वयन भएको छैन । उमेर नपुग्दै विवाह गर्ने प्रचलन पाल्पामा अझै कायमै छ । हुनत जिल्लाका स्थानीय तहले बालविवाह न्यूनीकरणका प्रयास अघि सारेकै छन् तर उनीहरूको यो सक्रियताले बालविवाह हट्न भने सकेको छैन । जिल्लाका दुई नगरपालिका र आठ गाउँपालिकाको बालविवाह न्यूनीकरण कार्यक्रम सञ्चालनमा छ तर यहाँको यकीन तथ्याङ्क भने पाइँदैन । न्यूनीकरणका लागि स्थानीय सरकारले बालबालिका, अभिभावकबीच प्रहरीको साझेदारीमा जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन र उनीहरूलाई तालिम, बालमैत्री शासन आदि कार्यक्रम गरिरहेका छन् । रम्भा गाउँपालिकाले सबै विद्यालयमा गत वर्ष बालविवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो । उमेर नपुग्दै विवाह हुने क्रमलाई रोक्नका लागि ज्योतिष र पण्डितलाई पनि बालबालिकासँगै सहभागी बनाएर सचेतनामूलक कार्यक्रम गर्ने गरेको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताउनुभयो ।

"उमेर पूरा नभएकाको विवाह कार्यमा सहभागी नहुन पण्डितलाई अनुरोध गरेका छौँ, अध्यक्ष भण्डारीले भन्नुभयो, "बालविवाहलाई शून्यमा ल्याउन बालमैत्री शासन कार्यक्रम पनि गरिरहेका छौँ, अहिले गाउँपालिकाभित्र बालविवाह गर्ने क्रम कम हुदै गएको छ ।" स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आएपछि ५० प्रतिशत बालविवाह हुने दर घटाउन सफल भएको उहाँको दाबी छ । गत वर्ष बालविवाह न्यूनीकरण अभियानमा सचेतनामूलक कार्यक्रम गर्न गाउँपालिकाले रू पाँच लाख रकम विनियोजन गरेको थियो । यस वर्ष वडा तहदेखि विद्यालय तहसम्म बालविवाह न्यूनीकरणका लागि गाउँपालिकाले करीब रू पाँच लाख बजेट छुट्याएको छ । बालबालिका भएका करीब पाँच हजार घरधुरीमा पुगेर उनीहरूबीच परामर्श लिने र छिटो उमेरमा नै विवाह गरेका असरबारे सचेत गराउने काम भइरहेको छ । गाउँपालिकाले सात जना बालमैत्री सहजकर्ता पनि परिचालन गरेको छ । बगनासकाली गाउँपालिकाले बालमैत्री गाउँपालिका घोषणाका लागि ८० प्रतिशत काम सम्पन्न गरिसकेको छ । बालविवाह रोक्नका लागि आगामी वैशाखमा बालमैत्री गाउँपालिका घोषणा गर्ने कार्यक्रम रहेको छ। उमेर नपुग्दै विवाह गर्ने जोडीलाई गाउँपालिकाबाट दिइने सेवा सुविधा कटौती गरिएको गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो । उहाँका अनुसार बालमैत्री गाउँपालिका घोषणा गर्नका लागि यसवर्ष करिव रू ६० लाख रकम विनियोजन गरिएको छ । गत आर्थिक वर्षमा रू एक करोड बराबरको वजेट विनियोजन गरेपनि कोरोना महामारीको असरका कारण करीब रू ३६ लाख बराबरको मात्र काम भएको छ । यहाँ अघिल्लो वर्ष आफ्नो इच्छाका साथ विवाह गरेर अन्यत्र घुम्न गएका एक जोडीलाई अभिभावकको आग्रहमा गाउँपालिकाले कानूनअनुसार फिर्ता गरी उमेर पुगेपछि सोही जोडीले विवाह गर्ने गरी छुटाएर राखिएको छ यहाँ विशेषगरी ब्राह्मण, कुमाल, बोटे समुदायको बसोबास छ ।

तिनाउँ गाउँपालिकाले भने स्कुल तथा समुदायमा प्रहरीको साझेदारीमा बालबिबाहका असर, यसले शारीरिक तथा मानसिकरूपमा पार्ने असरलगायतका सम्बन्धमा जनचेतना फैलाउने काम गरेको छ । यहाँ पनि लक्षित वर्गअन्तर्गत महिला, बालबालिकाको क्षेत्रमा छुट्याइएको बजेटबाट कार्यक्रम गरिँदैछ । यहाँ करीब ७५ प्रतिशत मगर समुदायको बसोबास छ । बालविवाह गरेमा सजायको कानून बनेपछि पहिलाको तुलनामा केही हदसम्म कम हुदै गएको गाउँपालिकाका अध्यक्ष ओमबहादुर घर्ती मगरले बताउनुभयो। गत वर्ष उमेर नपुग्दै विवाह गरेका तीन जोडीलाई अभिभावकको आग्रहमा गाउँपालिकाले छुटाउन सफल भएको छ । यहाँ १५, १६ र १७ वर्षको उमेरमा विवाह हुने गरेको पाइएको छ । रिब्दिकोट गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि स्थानीय तहमा जनप्रतिनिधि आएपछि प्रचारप्रसारको काम गर्दै आइरहेको अध्यक्ष नारायण जिसी बताउनुहुन्छ । कम उमेरमा नै विवाह गर्न पाइँदैन भन्ने चेतना भएपनि कतिपयले फाट्टफुट्ट आफ्नै राजीखुशीमा विवाह गरेको पाइन्छ । बालविवाह अन्त्यका लागि गाउँपालिकाले सचेतनामूलक नाटक प्रदर्शन गर्नुका साथै अन्य कार्यक्रम गरिरहेको छ । यो वर्ष लक्षित वर्गअन्तर्गत बालक्लबका लागि विनियोजन गरिएको केही रकमबाट कार्यक्रम गरिने भएको छ । यहाँ अघिल्लो वर्ष उमेर नपुग्दै विवाह भएका करीब सात जोडीलाई अभिभावकको आग्रहमा गाउँपालिकाले छुटाउन सफल भएको छ ।

रैनादेवी छहरा गाउँपालिकाभित्र बालविवाहको अवस्था ठूलो सङ्ख्यामा हुने गरेको छ । यो अवस्थालाई गाउँपालिकाले नियन्त्रण गर्न सकेको छैन । यहाँ जनजाति, दलित, ब्राह्मण, क्षेत्रीको बसोबास छ । यी समुदायमध्ये बालविवाह गर्ने जनजाति, दलित समुदायका अग्रपंक्तिमा भेटिन्छन् । जनजाति, दलित समुदायभित्र करीब ४० प्रतिशत उमेर नपुग्दै विवाह बन्धनमा बाँधिने गरेको गाउँपालिकाले जनाएको छ । गतवर्ष उमेर नपुग्दै विवाह गरेका तीन जोडीलाई अभिभावकको अनुरोधमा छुटाइएको छ । सामुदायिक प्रहरी कार्यक्रम, बहुविवाह, विद्यालयमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष रामबहादुर कार्की बताउनुहुन्छ । यस आर्थिक वर्षमा गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि करिब रू दुई लाख वजेट विनियोजन गरेको छ । पूर्वखोला गाउँपालिकाले पनि सचेतना कार्यक्रम गरेपनि बालविवाह न्यूनिकरणको स्थितिमा खासै सुधार आएको भने पाइदैन। बाल सञ्जाल गठनदेखि विभिन्न कार्यक्रम गरिए पनि छिटो बिहे गर्ने क्रम रोकथाम गर्न कठिन भएको गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापा बताउनुहुन्छ । यहाँ करिव ८० प्रतिशत मगर समुदायका नागरिकको बसोबास छ । मगर समुदायमा छिटो नै विवाह गर्ने हिजोको पुरानो परम्परा अझैपनि हट्न नसक्दा बालविवाह न्यूनिकरणमा अप्ठ्यारो परेको अध्यक्ष थापा स्वीकार्नुहुन्छ । मोबाइल ईन्टरनेटका कारण पनि केही सचेत भएका छन् भने केही प्रबिधिको प्रयोगले गर्दा बिहे गरेर घरजम गर्ने प्रबृत्ति पनि बढेको छ। नियन्त्रणको प्रयास भएपनि अपेक्षित परिणाम भने लिन सकिएको छैन । सचेतनामूलक कार्यक्रमले बालबालिका, अभिभावक सचेत त भएका छन् तर संख्यात्मक रूपमा भने कमी भने आइसकेको अवस्था छैन । यसको न्युनिकरणका लागि वडागत रूपमा सचेतना मूलक कार्यक्रम भइरहेका छन् । यहाँ बालविवाह न्युनिकरणकै लागि भनेर गाउँपालिकाले सानो स्केलमा भएपनि वजेट विनियोजन गरेर काम गरिरहेको छ ।

**जनजाति, दलित समुदायभित्र करीब ४० प्रतिशत उमेर नपुग्दै विवाह बन्धनमा बाँधिने गरेको गाउँपालिकाले जनाएको छ । गतवर्ष उमेर नपुग्दै विवाह गरेका तीन जोडीलाई अभिभावकको अनुरोधमा छुटाइएको छ ।**

माथागढी गाउँपालिकामा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरेर छिटो बिहे गर्नेक्रम रोकथामका प्रयास भने नभएका होइनन् । तर पनि अन्त्य नै गर्न भने सकिएको छैन । यहाँ स्थानीय सरकारमा जनप्रतिनिधिले नेतृत्व लिएपछि बालविवाह अन्त्यका प्रयास अगाडि बढेका छन् । निस्दी गाउँपालिकाले लक्षित वर्ग कार्यक्रमअन्तर्गत र विद्यालय कार्यक्रममार्फत सचेतना गरिरहेको छ। निस्दीमा विगतका तुलनामा बालविवाहको अवस्था सुधार हुँदै गएको छ। यहाँ जनजातिको बाहुल्यता रहेकाले पनि उमेर पुग्नु अगावै बिहे गरेर घरजम गर्ने जोडी प्रशस्तै भेटिन्छन् । उमेर नपुग्दै विवाह गर्दा हुने असर र विवाह गरेमा विवाहित जोडीलाई लाग्ने ऐन कानून आएपछि विवाह हुनेक्रम पहिलाको तुलनामा २५ प्रतिशत कम भएको गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारू बताउनुहुन्छ । "जिल्लाकै दुर्गम र विकट ठाउँ, जनजातिको बाहुल्यता रहेकाले सानै उमेरमा विवाह हुने गरेको छ तर हिजोको तुलनामा भने केही कम हुँदै गएको छ", अध्यक्ष सारूले भन्नुभयो । बजेट विनियोजन गरेर कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने गाउँपालिकाको योजना छ । रामपुर नगरपालिकाभित्र पछिल्लो समय उमेर नपुग्दै विवाह गर्नेक्रम भने कम हुँदै गएको छ तर आफ्ना खुशीले विवाह गर्ने प्रचलन भने कायमै छ । बालविवाहले निम्त्याउने असर र त्यसबाट पर्ने दूरगामी प्रभावबारे बालबालिका र अभिभावकलाई नै सचेत बनाउनुपर्ने बालअधिकारकर्मी लेखनाथ शर्मा मरासिनी बताउनुहुन्छ ।

उहाँका अनुसार रामपुरको सन्दर्भमा पाँच वर्ष अघि र अहिलेको अवस्थालाई तुलना गर्दा करिव ८० प्रतिशत बालविवाह गर्नेक्रम घटेको छ । कसैले उमेर नपुग्दै विवाह गरेको उजुरी आएमा कानूनी प्रक्रियाअनुसार जाने नगर उपप्रमुख विष्णुदेवी घिमिरे आचार्य बताउनुहुन्छ । उनीहरू आफै खुशीराजीले बिहे गरे पनि उमेर नपुग्दै बिहे गरिदिनु हुन्न भन्ने अभिभावक, परिवार र समाजमा चेतनाको विकास हुँदै गएको उपप्रमुख आचार्यको भनाइ छ । तानसेन नगरपालिकाका ग्रामीण भेगका केही वडामा उमेर नपुग्दै बिहे गर्ने समस्या छ । यहाँ बालविवाह शीर्षकमा मात्र केन्द्रित रहेर वजेट विनियोजन गरेको भने पाइँदैन । तर यसको न्यूनीकरणका लागि भने लक्षित वर्गअन्तर्गत बालबालिका, महिलाका कार्यक्रमबाट जनचेतनामूलक कार्यक्रम गर्ने गरेको सामाजिक विकास शाखा प्रमुख भरत आचार्य बताउनुहुन्छ। कतिपयले बाध्यता परिस्थितिका कारण त कतिले आफूखुशी बिहे गर्नेक्रम रहेको छ ।

स्वास्थ्य कार्यालय पाल्पाका अनुसार माथागढी, निस्दी, पूर्वखोला गाउँपालिका र रामपुर नगरपालिका क्षेत्रमा मगर समूदायको बाक्लो बस्ती भएको स्थानमा बालविवाह गर्नेक्रम अन्य पालिकाको तुलनामा बढी छ। पाल्पा जिल्लामा पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्दा उमेर नपुग्दै गर्भवती बन्नेको सङ्ख्या भने क्रमश: घट्दो क्रममा रहेको पाइएको छ । आर्थिक वर्ष २०७४/०७५ मा वीस वर्ष उमेर नपुग्दै पहिलो पटक स्वास्थ्य संस्थामा गर्भ जाँच गर्न जानेको सङ्ख्या एक हजार सात सय २५ छ भने आव ०७५/०७६ मा एक हजार ४७४ र आव ०७६/०७७ मा एक हजार १७३ रहेको स्वास्थ्य कार्यालय पाल्पाका सूचना अधिकारी ओमप्रकाश पन्थीले जानकारी दिनुभयो । रासस

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
कर्मयोगको विशेष फल प्राप्त गर्ने समय छ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
केही प्रतिकूल परिस्थितिसँग जुध्नुपर्नेछ । अशक्त अवस्थामा व्यस्तता बढ्नेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
पहिलेको सफलताले थप हौसला जगाउनेछ । सहयोगीहरु प्रशस्तै भेटिनेछन् ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
भौतिक वस्तुहरु जुटाउन सकिनेछ। विवादास्पद निर्णयले समस्या निम्त्याउन सक्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन् । दोहोर्याएर प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
शरीरमा कमजोरी अनुभूति हुनेछ। लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
पहिले दुश्मनी गर्नेहरूले भने केही समस्या निम्त्याउन सक्छन्, सजग रहनुहोला ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

# उडुस मार्दै रात काट्दै कैदीबन्दी

♦ जनक श्रेष्ठ (लमजुङ)

वरिपरि अग्लो पर्खाल । पर्खालबाट भित्र छिर्ने सानो ढोकाभित्र असरल्ल त्रिपालको बार। त्यहाँभित्र भुइँमै छरपष्ट ओछ्यान। त्यहाँभित्र जीर्ण भवनको ससाना र अँध्यारो कोठामा पनि अटेसमटेस विस्तारा, लुगाफाटा र झिटीगुण्टा। खचाखच मानिस । नजिकै शौचालयबाट आइरहेको ह्वास्स दुर्गन्ध। यो कष्टकर र अत्यासलाग्दो अवस्था हो- जिल्ला कारागारको। मापदण्ड अनुसारको यहाँको कारागारको संरचना छैन। एक कैदीबन्दी बराबर एक मिटर लम्बाइ र चार मिटर चौडाइ क्षेत्रफलको व्यवस्था गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । कारागार ३५ जनाका लागि मात्रै उपयुक्त देखिन्छ । अहिले ९१ कैदीबन्दी रहेका छन् ।

पुरानो संरचना र क्षमताभन्दा बढी कैदीबन्दी कारागारमा बस्न बाध्य छन् । बेंसीशहर नगरपालिका वडा नं ८ मा स्थित जिल्लाको एकमात्र कारागारमा विभिन्न सजय भुक्तानी गर्दै आएका कैदीबन्दीलाई चिन्ता र कष्टले सताइरहन्छ । उनीहरू यतिबेला चिसोको मारमा छन् । संरचनाको अभाव तथा जीर्ण हुँदै गएको कारागारमा चिसोयाम होस् वा गर्मी याम। यहाँ उनीहरूलाई बाह्रै महिना दिनरात समस्या हुने गर्दा चिन्तामै हुने गरेका हुन् । चार वर्षदेखि कैद भुक्तानी गर्दै आइरहेका सुवास रानाभाटले भन्नुभयो, "पुस माघको समयमा हामीलाई सुत्न बस्नलाई नै समस्या भइरहेको छ। तल भुइँबाट सिमेन्टीको चिसो आउने गर्दछ। चिसो भुइँमा सुत्नुपर्छ।" धेरैजना भएकाले भुइँमा लमतन्न भित्र छिर्ने ढोकादेखि शौचालयसम्मै म्याट ओछ्याएर सुत्नुपर्दा विभिन्न समस्या भइरहेको उहाँको भनाइ छ । सिमेन्टको चिसो दिउँसो घाम लाग्दा पनि ओभानो हुँदैन। रातमा त बढी नै चिसो हुने र बिहान कतिबेला घाम लाग्ला र बाहिर घाम ताप्न पाइला भन्दै रात कटाउने गरेको उहाँले दुःखेसो पोख्नुभयो ।

"यहाँ बढी केन्दीबन्दी हुँदा शौचालय जाने बाटोसम्मै सुत्ने गरेको छौँ । राति शौचालय जाने ठाउँ पनि पाइँदैन । बिहान पालो कुर्दाकुर्दै घण्टौँ बित्छ", उहाँले भन्नुभयो । यस्तो समस्यामा दिनरात कटाउनुपर्दा निकै चिन्ता हुने गरेको छ । सात वर्षदेखि कर्तव्य ज्यान मुद्दामा कैद सजाय भुक्तानी गर्दै आएका जीवन अधिकारीले भन्नुभयो, "हामीलाई सुत्ने, बस्ने ठाउँमा चिस्यान नै चिस्यान छ । समाधान छैन । यही चिसोका कारणले यहाँ दिनहुँ दुई चार जना रूघाखोकीको बिरामी हुने र निको हुने गरेको छ ।" यति मात्र होइन कोभिडका बेला सामाजिक दूरी कायम गरी उनीहरू सुत्ने र बस्ने गरेका थिए । कोचिएर एउटै ठाउँमा खानुपर्दा कोरोनाको धेरै डर त्रास हुने गरेको थियो । अहिले कोभिडको जोखिम कम छ। चिसो मौसम सकिएर गर्मी मौसम शुरू हुनेबेला भएको छ ।

गर्मी मौसममा त झन् बढी समस्या हुने गरेको उहाँको भनाइ छ । गर्मीले उकुसमुकुस बनाउने, कारागारको पर्खालदेखि सुत्ने ठाउँको भवन जीर्ण भएकाले कतिबेला भत्किएर ज्यान लिन्छ कि भन्ने डरैडरमा कैदीबन्दी रहेका छन् । "गर्मीका बेला खुला हावा आउने हुनुपर्दछ । सबै एउटै ठाउँमा कोचिएर बस्नुपर्दा श्वास फेर्नसमेत कठिन हुने गर्दछ ।" उहाँले भन्नुभयो । शौचायलय जानसमेत पालो कुरेर बस्नुपर्ने, अझै दुर्गन्धित भएकाले रोग लाग्ने बढी सम्भावना गर्मी याममा हुने गरेको छ ।



तीन वर्षदेखि कैद सजाय काट्दै आएका मङ्गलबहादुर गुरूङले भन्नुभयो "राणाकालको आँखीझ्याल जस्तो हामी बस्ने ठाउँ छ । धेरै बस्दा एकअर्काको रोग सर्ने सम्भावना पनि उच्च रहेको छ । वर्षेनी गर्मीमा ओछ्यानमा उडुस पर्ने गर्छ । टोकेर सुत्नै मुस्किल हुन्छ । राति १२ बजेसम्म उडुस मार्नमै व्यस्त हुने गर्दा राम्रोसँग सुत्नसमेत समस्या हुने गर्दा गर्मी शुरू हुन लाग्दा थप चिन्तामा छौ ।

चिसोको समयमा खानेपानी आउने गरे पनि गर्मीमा त खानेपानीको समस्या कारागारमा हुने गरेको छ । पानी कम हुँदा सरसफाइ समेत राम्रोसँग गर्न नपाउने समस्या यहाँका कैदीबन्दीको विगतदेखि कै हो । कैदीबन्दी बस्ने ठाउँ फराकिलो र नयाँ संरचना भएमा सहज हुने कैन्दीबन्दीको भनाइ छ । यहाँका कैदीबन्दीले समस्याको समाधान गर्न सरकारसँग माग गर्दै आए पनि समस्या जहाँतहीँ जीवित छ। यस कारागार विसं २०२८ मा कुन्छाबाट बैंसीशहरमा सदरमुकाम सरेसँगै निर्माण गरिएको थियो। कारागारको कार्यालयदेखि कैदीबन्दी बसोबास गर्ने संरचना गरी चार रोपनी क्षेत्रफलमा फैलिएको छ । संख्याका आधारमा कारागारका लागि आठ रोपनी क्षेत्रफल आवश्यक पर्ने कारागारका सूचना अधिकृत रमेश विकको भनाइ छ ।

कारागार पुरानो र क्षमताभन्दा बढी कैदीबन्दी हुँदा दिनहुँ उनीहरूलाई विभिन्न समस्या हुने गरेको छ । खान, बस्न, सुत्नदेखि शौचालय जानसमेत उनीहरूलाई कठिन भइरहेको र सम्बन्धित ठाउँमा समस्याको समाधान गर्न पहल गरिरहेको उहाँले जानकारी दिनुभयो । सम्बन्धित निकायबाट उक्त कारागारमा नयाँ भवन बनाउन उपयुक्त हुन्छ/हुँदैन भनेर अघिल्लो गत वर्ष माटो परीक्षणको कामसमेत भइसकेको छ। नयाँ भवन बनाउनका लागि उपयुक्त भएको ठहरसमेत प्राविधिक टोलीले गरेको थियो । अहिलेसम्म पनि कुनै काम अघि बढ्न नसकेको जिल्ला कारागारले जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले क्षमताभन्दा बढी कैदीबन्दी र पुरानो संरचना हुँदा धेरै समस्या भए पनि समाधान हुन नसक्दा कानुनी मापदण्डअनुसारको हुन नसकेको बताउनुभयो । नेपालकै पुरानो कारागारमध्ये एक भएको जनाउँदै उहाँले दिनहुँ दिन कैदीबन्दी थपिँदै जाँदा नयाँ भवन निर्माण गर्नुपर्ने भए पनि नयाँ भवन उपलब्ध हुन नसक्दा विभिन्न समस्या भइरहेको जानकारी दिनुभयो । यस्तो संरचनामा कैदीबन्दी राख्दा उनीहरूको मनोबलसमेत गिर्ने भएकाले कारागार व्यवस्थापन विभागमा लेखापढी गरेर आवश्यक पहल गर्न अनुरोध गरिएको भए पनि कायान्वयन हुन नसकेको उहाँको भनाइ छ । झण्डै ४९ वर्षअघि निर्माण भएको यस कारागार अहिलेसम्म पनि खासै मर्मत तथा आवश्यकताअनुसार कारागारको भवन निर्माण हुन सकेको छैन । यसलाई थप व्यवस्थित र कैदीबन्दीलाई मध्यनजर गरेर सोहीअनुरूप संरचना निर्माण नहुँदा यस्ता समस्या देखिएको छ । यहाँ अब भने सरकारले भवन निर्माण गर्ने बताइएको छ ।

कारागार २५ पुरूष र १० महिला गरी ३५ जनाको क्षमता हो । हाल रहेको ९१ जना कैन्दीबन्दीमध्ये ८२ कैदीबन्दी पुरूष ८० र ११ कैदीबन्दी महिला रहेका छन् । यसैगरी ४७ कैदी र ४४ थुनुवा रहेका छन् । तीमध्ये ३९ कैदी पुरूष र आठ कैदी महिला रहेको कारागारले जनाएको छ । त्यस्तै ४१ जना पुरूष र तीन जना महिला थुनुवा (पुर्पक्षका लागि राखिएको) रहेका छन् । कैदीमध्ये बढी जबर्जस्ती करणी उद्योग, कर्तव्य ज्यान मुद्दाका बढी छन् । रासस

# खोपलाई परीक्षणको अनुमति

♦ रासस/सिन्ह्वा (बेइजिङ)

चीन सरकारले चीनभित्र नै बनेका कम्तीमा पनि १६ ओटा खोपलाई परीक्षणको अनुमति दिएको बताइएको छ । चीनको नेशनल मेडिकल प्रोडक्स एड्मिनिस्ट्रेसनले सो कुराको जानकारी दिएको हो। शनिबार सो निकायले दिएको जानकारीअनुसार चीन सरकारले यहाँका १६ ओटा कम्पनीका खोपलाई परीक्षणको अनुमति दिएको छ भने तीमध्येका छ ओटाको त परीक्षणको तीन चरण नै भइसकेको जनाइएको छ । यी मध्येका दुई ओटा कम्पनीले निर्माण गरेका खोपले भने चीनभित्र र बाहिर पनि बजार लिएको बताइएको छ । चाइना नेशनल बायोटेक ग्रुपको तर्फबाट बनेको सिनोफार्मको खोपले अहिले बजार लिएको छ । त्यस्तै गरी सिनोभ्याक बायोटेकले बनाएको कोरोना भ्याक भ्याक्सिनले पनि बजारमा प्रवेश पाएको छ र यसको धेरैतिर प्रयोग पनि भएको बताइएको छ । ती दुई खोपले चीनको सरकारी आधिकारिक निकायबाट गएको डिसेम्बर ३० मा र यसै वर्षको फेब्रुअरी ५ मा नै अनुमति पाएका बताइएको थियो । त्यसैगरी चीनको औषधि व्यवस्थापनसम्बन्धी सरकारी निकायले यही फेब्रुअरीको ९ तारिखमा चार करोडभन्दा बढी खोप यहाँका औषधिको प्रचलन गर्ने संस्थालाई हस्तान्तरण गरेर लगाइएको पनि बताइएको छ ।


त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त

## आदिकवि भानुभक्त क्याम्पस

विश्वविद्यालय अनुदान आयोग, नेपालबाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) मान्यता प्राप्त

व्यास-१, विज्ञानचौर, भादगाउँ, तनहुँ । फोन : ०६५-५६००९६

### स्नातक तहमा भर्ना सम्बन्धी सूचना

प्रस्तुत विषयका सम्बन्धमा शैक्षिक सत्र २०७७/०७८ को लागि स्नातक तह प्रथम वर्षमा **मानविकी, व्यवस्थापन र शिक्षा** शास्त्र संकायमा वार्षिक प्रणाली तर्फ (BA, BBS, B.Ed.) प्रथम वर्ष र BBA/BICTE प्रथम सेमेष्टरमा भर्ना भई पढ्न इच्छुक विद्यार्थीहरूले क्याम्पस प्रशासनमा सम्पर्क गरी भर्ना आवेदन फारम भर्नु हुन सम्बन्धित सबै विद्यार्थीहरूमा सूचित गरिन्छ।

**नोट :**

१. **आवेदन फाराम वितरण** : २०७७ माघ १२ गतेदेखि ।
२. BA, BBS, B.Ed **को प्रवेश परीक्षा** : २०७७ माघ २६ गते सोमबार बिहान ८ बजे
३. BBA **को प्रवेश परीक्षा** : २०७७ फागुन १ गते शनिबार बिहान ८ बजे
४. BICTE **को प्रवेश परीक्षा** : २०७७ फागुन २५ गते मंगलबार बिहान ११ बजे ।
५. BBA, BA, BBS/B.Ed **को कक्षा सञ्चालन** : २०७७ फागुन ५ गतेदेखि
६. BICTE **को कक्षा सञ्चालन** : २०७७ चैत्र १ गतेदेखि ।

अन्य विस्तृत जानकारीको लागि क्याम्पसमा सम्पर्क गर्नुहुन अनुरोध छ । फोन : ०६५-५९००९६



## खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :-** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



## म्याग्दे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, तनहुँ । गण्डकी प्रदेश

### नगर लोककल्याणकारी सन्देश

## व्यक्तिगत घटना दर्ता




जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तव्य निभाऔं ।



## आवश्यकता

**पढ्नको लागि कोठा** (Sole Implementing Partner of Room to Read Nepal) एक राष्ट्रिय गैरसरकारी संस्था हो । यस संस्थाले प्राथमिक तहका बालबालिकामा पढ्ने बानी र पढ्ने सीपको विकास गराउनुका साथै बालिकाहरूलाई माध्यमिक तहसम्मको शिक्षा हासिल गराउने र जीवनोपयोगी सीपको माध्यमबाट जीवनका महत्वपूर्ण निर्णयहरु लिन सक्षम बनाउने उद्देश्य अनुसार काम गरिरहेको छ। यस संस्थाबाट Room to Read Nepal Funded Project अन्तर्गत निम्न पदका लागि इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

**कार्यक्रम : बालिका शिक्षा कार्यक्रम**
**पद : सामाजिक परिचालक (Social Mobilizer), महिला**
**पद संख्या : १** **कार्यक्षेत्र : तनहुँ**

सामाजिक परिचालक (बालिका शिक्षा कार्यक्रम) ले विद्यालय, अभिभावक र समुदायसँग निरन्तर सम्बन्ध स्थापित गरी सहभागी बालिकाहरूको प्रगति अभिलेख अद्यावधिक गर्ने, जीवनोपयोगी सीप प्रदान गर्ने र बालिकाहरूलाई पढाइ पूरा गर्नको लागि मेन्टोरीङ गर्नेछन् । यसको साथै सामाजिक परिचालकले बालिका शिक्षा कार्यक्रमको **'कार्यक्रम सहायक'** समक्ष मासिक रूपमा प्रगति विवरण पेश गर्नुपर्नेछ ।

**छनौटका प्रमुख आधारहरु :**

- शिक्षा संकाय एवं सामाजिक विषयमा स्नातक वा सो सरह उत्तीर्ण
- सम्बन्धित क्षेत्रको अनुभव तथा लैंगिकताको क्षेत्रमा कार्य अनुभव प्राप्त उम्मेदवारलाई ग्राह्यता दिइनेछ
- समुदाय स्तर र सम्बन्धित क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको अनुभव
- विद्यालय शिक्षण तथा शिक्षण सम्बन्धी अनुभव प्राप्त उम्मेदवारलाई प्राथमिकता दिइनेछ
- नेपाली तथा स्थानीय भाषामा मौखिक र लिखित भाषिक सीप
- अंग्रेजी भाषामा सामान्य बोल्न र लेख्न तथा प्रतिवेदन तयार पार्न सक्ने सीप
- स्थानीय परिवेश तथा माध्यमिक शिक्षा प्रणालीको राम्रो बुझाई
- बालिका शिक्षा क्षेत्रमा काम गर्न अभिरूचि र लगाव
- जुनसुकै समुदाय तथा परिवेशमा घुलमिल हुन, सजिलैसँग काम गर्न र बोल्न सक्ने
- सहजीकरण सीप र ज्ञान
- सकारात्मक धारणा र सामुदायिक परिचालन सम्बन्धी ज्ञान तथा सीप
- बालिकाहरूका लागि तालिम सञ्चालन गर्न सक्षम

**आवेदन प्रक्रिया :**

यस पदमा आवेदन दिन चाहने इच्छुक उम्मेदवारले कम्तिमा ५ सय शब्दसम्मको आवेदन पत्र, व्यक्तिगत विवरण (CV) र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो **"Application for Social Mobilizer, Girls' Education Program- Tanahun"** विषय उल्लेख गरी **nepal.hiring@roomtoread.org** ई-मेल ठेगानामा अनिवार्य पठाउनु पर्नेछ ।

**कार्यालय :**
**पढ्नको लागि कोठा (रूम टु रिड) क्षेत्रिय कार्यालय**
व्यास-४, दमौली, तनहुँ, फोन : ०६५-५६४४०५
**सूचना प्रकाशित मिति :** फागुन ९ आइतबार, २०७७
**आवेदन दिने अन्तिम मिति :** फागुन १८, मंगलबार २०७७

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४


# मुख्यमन्त्री कप विजेतालाई जिल्लामा सम्मान

♦भञ्ज्याङ समाचारदाता (दमौली)

पोखरामा सम्पन्न मुख्यमन्त्री कप गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगितामा पुरूषतर्फ प्रथम र महिलातर्फ तृतीय भएको तनहुँको टोलीलाई गृह जिल्लामा आइतबार स्वागतसहित बजार परिक्रमा गराइएको छ ।

पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा शनिबार सम्पन्न खेलमा पुरूषतर्फ प्रथम र महिलातर्फ तृतीय भएको टोलीलाई जिल्ला भलिबल संघ तनहुँले दमौलीमा स्वागत एवं सम्मान गर्दै बजार परिक्रमा गराएको हो । पञ्चेबाजासहित दमौलीस्थित अनसनचोक, सफासडक, गणेशमानचोक, मालपोत लाइनमा खेलाडीलाई परिक्रमा गराइएको थियो ।



खेलाडीलाई सम्मान व्यक्त गर्दै जिल्ला खेलकूद विकास समिति तनहुँका निवर्तमान अध्यक्ष ऋषिराम भुसालले मुख्यमन्त्री कप भलिबल प्रतियोगिता जितेर खेलाडीले तनहुँको मान र सम्मान बढाएको बताए । जहिले पनि कास्की र स्याङ्जाको दबदबा रहने भलिबलको इतिहास यसपटक तनहुँले तोडेको बताउँदै भुसालले यो इतिहास रच्ने सफलता सदैव मिलोस् भन्दै शुभकामना व्यक्त गरेका थिए ।

जिल्ला भलिबल संघका अध्यक्ष पदम सुनार र सचिव अशोक गिरीले खेलाडीको उत्कृष्ट प्रदर्शनले सफलता हासिल भएको भन्दै खेलाडीलाई बधाई ज्ञापन गरे । पुरूषतर्फ प्रतिस्पर्धात्मक खेलमा तनहुँ जिल्लाले स्याङ्जालाई ३-२ को सेटमा हराउँदै उपाधिसहित रू दुई लाख पुरस्कार प्राप्त गरेको थियो। महिलातर्फ तनहुँले कास्कीलाई ३-१ को सेटमा हराउँदै तृतीय भएको थियो। तृतीय हुने टोलीले रू ५० हजार पुरस्कार प्राप्त गरेको छ। पुरूषतर्फ तनहुँका मिलनचन्द ठकुरीले उत्कृष्ट खेलाडीको उपाधि प्राप्त गरेका थिए। महिलातर्फ उत्कृष्ट स्पाइकर तनहुँका उषा भण्डारी, पुरूषतर्फ उत्कृष्ट स्पाइकरमा तनहुँका अशोक श्रेष्ठ, सेटरमा तनहुँका विवस आले र प्रशिक्षकमा तनहुँका पदम सुनार घोषित भई जनही रू पाँच हजारका दरले पुरस्कार प्राप्त गरेका थिए।

# कृषिमा रमाउँदै ............

भने कृषि पेशामा भविष्य रहेको दीपक बताउनुहुन्छ । आफूले फर्म सञ्चालन गरेसँगै गाउँका अन्य युवा पनि कृषिमा आकर्षित बन्दा आफूलाई निकै खुशी लागेको दीपक बताउनुहुन्छ । गाउँपालिकाले बीउ तथा बिरूवा उपलब्ध गराएर किसानहरूलाई कृषि पेशामा लाग्न प्रोत्साहान गरेकाले पनि आफूले यो पेशामा नै भविष्य देखेर यसैमा लागेको उहाँले बताउनुभयो । बाख्रा तथा कुखुराबाट महिनामा रू एक लाखसम्म आम्दानी गर्ने लक्ष्य लिनुभएका दीपकले अब बङ्गुर समेत थपेर व्यवसायलाई थप विस्तार गर्ने योजना रहेको सुनाउनुभयो । आफूले व्यवसाय शुरू गरे पछि छिमेकीमा पनि गरे हुँदो रहेछ भन्ने प्रभाव परेको र अहिले एउटा माउ पाल्नेले दुई वटा र दुई वटा पाल्नेले चार वटा पाल्न थालेकाले पनि आफूले गर्दै आएको पेशाले आफूलाई मात्रै नभएर समाजलाई नै हौसला प्रदान गरेकाले खुशी गालेको दीपकले बताउनुभयो ।

दुई वर्षअघि तरकारी खेतीबाट कृषि कर्ममा लाग्नुभएका दीपकले असिना र मौसम प्रतिकुलताका कारण शुरूवाती चरणमै घाटा खानुपर्‍यो । "तरकारीबाट उत्पादन लिन नसकेपछि छिमेकीले अब यसले गर्दैन, फेरि माइक समातेर गीत गाउन जान्छ भन्न थाले", उहाँले भन्नुभयो, "तर कृषिमा धेरै अवसर देखेर लागेकोले यो पेशालाई छाड्न सकिन अनि बाख्रा र कुखुरापालन गर्ने अठोट गरेर अहिले यसमै निरन्तर लागिरहेको छु, यसबाटै आफ्नो भविष्य उज्वल बनाउँछु ।" 'राम्रो जागीर नेपालमै पाए केलाई जान्थे साउदी कतार थन्काइदिन्थे पास्पोर्ट, नसकिने रैछ झ्याप्पै ज्यान फाल्नलाई जीउन पनि साह्रै गाह्रो भो, सम्झनालाई औंठी साटौंला, नराम्रोनी राम्रै मानियो' बोलका लोक दोहोरी गीत गाएका दीपकले दुई वर्ष पहिले पाँच हजारबाट शुरू गरेको व्यावसायमा अहिले करीब १२ लाख लगानी पुगेको बताउनुभयो । बाख्रा, टर्की र स्थानीय जातका कुखुरा पाल्नुभएका दीपकले महिनाको महिनाको ४०/४५ हजार कमाउनका लागि विदेशिनु नपर्ने बताउनुभयो।

यसैगरी काठमाडौंमा बसेर संगीतिक क्षेत्रमा काम गर्दै आउनु भएका गल्याङ नगरपालिका वडा नं ९ गेजाका कुसुम भण्डारी गाउँ फर्किएर दुई वर्षदेखि केरा खेती गर्दै आउनुभएको छ । घर नजिकै तीन रोपनी जमीनमा ३०० केराका बिरूवा लगाएको र प्रतिबोटबाट रू एक हजारका दरले वर्षमा केराखेतीबाट वार्षिक रू तीन लाख रूपैयाँ आम्दानी गर्दै आएको भण्डारीले बताउनुभयो । तीन रोपनी जमीनमा लगाएको केरा खेतीलाई विस्तार गरेर पाँच रोपनीमा केरा खेती गर्ने योजना रहेको सुनाउँदै भण्डारीले समग्र गेजालाई केरा गाउँका रूपमा चिनाउने उद्देश्य अनुसार गाउँभरि केरा खेतीको विस्तार गर्न लागिएको बताउनुभयो।

लगाएको एक वर्षभित्रमा केराले उत्पादन दिने र सिँचाइको अभाव भएको ठाउँमा रिपियान भएको पाखोमा लगाउन सकिने भएकोले गाउँघरका बाँझो पाखो बारीलाई सदुपयोग गरेर केरा खेती गरेको खण्डमा राम्रो आम्दानी लिन सकिने कुसुम बताउनुहुन्छ । गाउँघरमा बसेर केरा खेती गर्दै आउनुभएका कुसुमले गाउँमै कीर्तन समूहको निर्माण गरेर बेला मौकामा गाउँघरमा हुने पूजाआजामा आफ्नो समूहले भजन गाउने गरेको बताउनुभयो । गाउँमा त्यसै खेरा गएको पाखो बारीको सदुपयोग गरेर आयआर्जनको बृद्धिसँगै परम्परा र संस्कृतिको संरक्षण गर्ने योजनाअनुसार कीर्तन समूहसमेत निर्माण गरेर काम गर्दै आएको भण्डारीले बताउनुभयो ।

बाह्र वर्ष खाडी मुलुकमा बिताएर स्वदेश फर्किएका थमन गुरूङ अहिले कुखुरापालनमा रमाउनुभएको छ । अर्जुनचौपारी गाउँपालिका रापाकोटका थमन गुरूङले संयुक्त अरब इमिरेट्स र मलेसियागरी बाह्र वर्ष वैदेशिक रोजगारीमा विताए पनि स्वदेश फर्किएपछि हरियाली पोल्ट्री फर्म सञ्चालन गरेर अहिले यसमै रमाउनुभएको छ । अर्जुनचौपारी-३ रापाकोट स्थायी घर भएका थमन गुरूङ अहिले वालिङलाई कर्मथलो बनाएर यो व्यवसायीका रूपमा काम गरिरहनुभएको छ । गएको असारदेखि कुखुरापालन व्यावसाय शुरू गर्नुभएका थमनको फर्ममा अहिले दुइ हजार २०० ब्रोइलर कुखुरा छन् । कोरोना महामारीले गर्दा देशमा बन्दाबन्दी भएपछि केही त गर्नुपर्‍यो भनेर थमनले कुखुरापालन रोज्नुभएको हो । रोजगारीको अबको विकल्प भनेको कृषि र त्यसमा पनि थोरै लगानीबाट गर्न सकिने र आम्दानी पनि छिटो हुने भएकाले यो व्यवसाय गर्न थालेको थमनले बताउनुभयो ।

कुखुरापालनसम्बन्धी कुनै पनि तालिम नलिए पनि थमनले साथीहरूको सल्लाह र युट्युव लगायतका सामाजिक सञ्जालको सहायतामा व्यवसायको थालनी गर्नुभएको हो । वार्षिक रू ८४ हजारमा पाँच रोपनी जग्गा भाडामा लिएर व्यवसाय शुरू गर्नुभएका गुरूङले अब खोरको विस्तार गर्नुका साथै कुखुरासँगै टर्की पनि पाल्ने योजना रहेको बताउनुभयो। वास्तविक किसानले अझैपनि अनुदान पाउन नसकेको र व्यावसायिक किसानहरूको निष्पक्ष अनुगमन गरेर कामको आधारमा अनुदान दिनसके कृषिमा धेरै प्रगति हुने गुरूङ बताउनुहुन्छ ।

नेपालमा कृषिको क्षेत्रमा लाग्ने युवाको भविष्य राम्रो रहेको बताउदै थमनले विदेश जान लगानी गर्ने पैसा कृषि क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो । थमनले भन्नुभयो, "युवा साथीहरू विदेशको मुख ताकेर बस्ने र विदेशतिर भौतारिनुभन्दा कृषिक्षेत्रमा लाग्नुस् काम दाम र नाम यहीँ छ ।" जिल्लाका अधिकांश स्थानमा कोरोना भाइरसको प्रकोपसँगै रोजगारी गुमाएका युवाहरू दिनप्रतिदिन कृषि पेशाप्रति आकर्षित हुँदै गएका छन् । यसैगरी वालिङ नगरपालिका-१२ फौदीखोलामा शुभ बिहानी बङ्गुरपालन फर्म सञ्चालन गर्दै आउनुभएका डम्बरबहादुर गुरूङले बङ्गुरपालन व्यवसायबाट आफूले राम्रो आम्दानी लिन सफल भएको बताउनुभयो ।


बिहान उठेदेखि राति अबेर सम्म बंगुरकै सेवामा खट्ने गरेको बताउदै गुरूङले भन्नुभयो, "बङ्गुरपालनका लागि मेहनत धेरै गर्नुपर्छ । यसबाट आम्दामी पनि लिन सकिन्छ।" कोरोना भाइरसका कारण भएको बन्दाबन्दीका समयमा बङ्गुरका पाठापाठी बिक्री नहुदा समस्या भए पनि अहिले त्यस्तो केही समस्या नभएको गुरूङले बताउनुभयो । विगत छ वर्षअघि रू आठ लाखको लागतमा बंगुरपालन व्यावसाय गर्दै आउनुभएका गुरूङले पाठापाठी बिक्री गरेर राम्रो आम्दामी लिनुभएको छ। बङ्गुरको पाठापाठीलाई रू पाँच हजारदेखि पाँच हजार ५०० रूपैयाँ सम्ममा बेच्ने गरेको गुरूङ बताउनुहुन्छ । सरकारले कृषकका लागि दिने अनुदान खास किसानसम्म नआएको गुनासो गर्दै उहाँले भन्नुभयो, "व्यावसाय गर्ने किसान अनुदानका लागि धाउने कि फर्ममा काम गर्ने ?" उहाँको प्रश्न छ । नेपालमा कृषिका साथै पशुपालन व्यावसायमा भविष्य भएको बताउँदै उहाँले रोजगारीको लागि अरूको मुख ताक्नुभन्दा अब युवा सानोठूलो व्यावसाय आफैंले गर्न सकिने अनुभव सुनाउनुभयो । रासस

## खाना तयार गर्दा सुरक्षित स्वच्छ पानी र कच्चा पदार्थहरूको प्रयोग गरौं ।


facebook twitter



**सुष्मा आचार्य**
twitter.com/acharya_susma
चिसो ढुंगा, आगो बालेर, हिमालयमा बसेर ध्यान तपस्या गर्न सजिलो छ । तर परिवारमा सबैको बिचमा रहेर धैर्यता पुर्वक रहन कठिन छ । यदि हामी धैर्यवान भयर बस्न, हासखेल, परि आउने बिपत्तिको सामना गर्न सकि राखेका छौ भने यो पनी कुनै तपस्या भन्दा कम हैन नि.....



**छोरी**
twitter.com/Nepali_Daughter
रंगिन जिन्दगीमा हरेक चिजको उस्तै अर्थ र उत्तिकै महत्व हुदोरहेछ, जबसम्म हामीले हरेक कुरा नियाल्दैनौ तबसम्म जिवनको कुनै मूल्य नहुदोरहेछ, कहिलेकाही ती कुराको उपस्थितिले जिवन ज्यादै रोचक बनाइदिदो रहेछ भने कहिलेकाही यी पिडाहरूले उत्तिकै पीडादायी पनि ।



**नीला**
twitter.com/Neela_112
संसार सबैभन्दा ठूलो कुरा पेट हो, भोक हो, जो मान्छे अघाएको हुन्छ उसले सबै कुरा गर्छ तर जो मान्छे भोको छ उसले भोकको कुरा गर्छ, खानाको कुरा गर्छन् बाँकी कुरा उसको लागि अर्थहीन हुन्छन् ॥



**कौशिक सापकोटा**
twitter.com/kumarsp176
यदि तपाईं गरिब हुनुहुन्छ भने, त्यसको कारण तपाईं हुनुहुन्छ, तपाईंको आमाबाबु होइन । जबसम्म तपाईं आफ्नो कमजोरीलाई ताकत बनाउन सक्नु हुन्न तबसम्म जिन्दगीको असफल यात्रा चलिरहने छ ।



**जीवन दर्शन**
twitter.com/KcJivan1
यात्रा सजिलो पनि छैन । गन्तब्य निर्धारित पनि छैन कहाँ पुग्ने हो भनेर, यो अनन्तको यात्राको नाम जिन्दगी हो भन्न सकिन्छ । यात्रा सजिलो हुँदा अनमोल लाग्छ कठिन हुँदा बेकार लाग्छ । अनेकन पहाड खोला घुम्ती उकाली देउरालीहरूमा पनि उहि रफ्तारमा हिडिरहनु यात्रीको कर्तव्य हो ।

# कृषि सहकारी संघमा श्रेष्ठ

♦भञ्ज्याङ समाचारदाता (दमौली)

कृषि सहकारी संघ तनहुँको आठौं साधारण सभा तथा चौथों महाधिवेशनबाट विष्णु कुमार श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । सहकारीको उपाध्यक्षमा दुर्गालाल श्रेष्ठ, महासचिव गणेश भण्डारी, सचिव विष्णु माया पौडेल, कोषाध्यक्ष लालबहादुर पन्थ, सदस्यहरूमा टिकाराम लामिछाने, भानु चापागाइ, इन्द्र बहादुर गुरूङ, सिता घिमिरे, बुद्धी माया सारू, जिमबहादुर रानामगर, लेखा तथा अनुगमन समिति लेखा संयोजकमा मित्र प्रसाद न्यौपाने, सदस्यहरू तिर्थ लाल श्रेष्ठ, एल.पि. पण्डित चयन भएका छन् ।

त्यस्तै, उक्त सहकारीका अध्यक्ष रामजी लौडारीको अध्यक्षतामा आयोजित साधारण सभाको उद्घाटन समारोहमा गण्डकी प्रदेशका सांसद रामबहादुर गुरूङले कृषि सहकारीलाई भावी कार्यको लागि शुभकामना व्यक्त गरेका थिए।

यस्तै, संघका उपाध्यक्ष सुर्यभक्त भण्डारी, उन्नती कृषि संघ संस्था शुक्लागण्डकीका गोविन्द केसी, तनहुँ बचत तथा ऋण सहकारी संघका अध्यक्ष देवि बहादुर बस्नेत, राष्ट्रिय सहकारी बैंकका प्रवन्धक उपेन्द्र दाहाल, सल्लाहकार नारायण खनाल, वरिष्ठ कृषि विकास अधिकृत कुल प्रसाल तिवारी लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा संघका महा-सचिव विष्णु कुमार श्रेष्ठले आर्थिक तथा कृषि प्रगति भावि कार्य योजना सम्बन्धि प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# हिक्मत टायर रिसोलिङ्ग सञ्चालन

♦ भञ्ज्याङ समाचारदाता (डुम्रे)

तनहुँको डुम्रेमा हिक्मत टायर रिसोलिङ्ग एण्ड टायर पसलले टायर बिक्री तथा कोल्ड रिसोलिङ्ग



सेवा शुरू गरेको छ । बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले पसलको शुभारम्भ गर्दै आफ्नो पालिकामा उद्योग व्यवसाय थपिंदै जाँदा सेवा र रोजगारीको अवसर बढ्दै जाने र स्थानीयको आय स्तर पनि बढ्ने हुँदा त्यस तर्फ गाउँपालिका सकारात्मक रहेको र उद्योग मैत्री कानुनहरू तयार गरिएको बताए ।

कार्यक्रममा सेन्टरका संचालक हरिश्चन्द्र अधिकारीले उपलब्ध सेवाहरू र प्रविधिको बारेमा जानकारी थिएका थिए । अर्का संचालक हिक्मत सेरावलले सेन्टरमा एमआरएफ र सिएट ब्रान्डका टायरहरू बिक्रिको समेत व्यवस्था गरिएको र १५ देखि २० सम्मका सबैखाले टायरहरू रिसोलिङ्गको सुविधा रहको समेत जानकारी गराएका थिए । कार्यक्रममा स्थानीय संघ संस्थाका प्रतिनिधि, व्यापारीहरू लगायतले शुभकामना व्यक्त गरेका थिए । करिब ४० लाख रूपैयाँको लागतमा चिसोपानी स्थित कुबेर आयल अगाडि उक्त सेन्टर सञ्चालनमा ल्याइएको छ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का, सल्लाहकार : विश्वबन्धु भण्डारी ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४